प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

**प्रदेश उच्च शिक्षा तथा विश्वविद्यालयको नीतिगत विषयमा छलफल अन्तरक्रिया बैठक सम्पन्न**

प्रदेश नं. १ भित्र संचालनमा रहेका आंगिक तथा निजी क्याम्पसका प्रमुखहरु एवं विज्ञहरुको सहभागितामा प्रदेश स्तरको उच्च शिक्षा तथा विश्वविद्यालयको नीतिगत विषयमा छलफल अन्तरक्रियात्मक बैठक सामाजिक विकास मन्त्रालय उच्च शिक्षा महाशाखाको आयोजनामा मिति २०७५।०७।११ गते मन्त्रालयको सभाहलमा सम्पन्न भयो । उक्त कार्यक्रममा प्रदेश उच्च शिक्षाको सम्भावना र अवसर उच्च शिक्षाको वर्तमान समस्या र चुनौती, उच्च शिक्षा सुधारका लागि सम्भावित उपायहरु, प्रदेश विश्वविद्यालयको संख्या र दिगोपना, प्रदेश उच्च शिक्षाको संरचना र स्वरुप, प्रदेश विश्वविद्यालयको वित्तीय व्यवस्थापन र जनशक्ति व्यवस्थापन, स्थापना र संचालनको मापदण्ड र स्वरुप विषयमा सहभागीहरुवाट समुहगत रुपमा सुझाव मागिएको थियो ।

उक्त कार्यक्रमको प्रमुख अतिथिको रुपमा सामाजिक विकास मन्त्री माननीय जीवन घिमिरेज्यूले हालसम्म संचालनमा रहेका विश्वविद्यालय तथा कलेजहरुले परिवर्तित सन्दर्भमा नविनतम ढंगले अगाडी बढाउनु पर्ने तथा प्रदेशको आवश्कता अनुसारको उच्च शिक्षा नीति तय गर्नु पर्ने धारणा व्यक्त गर्नु भयो । उक्त कार्यक्रमको अध्यक्षता गर्नु भएका सामाजिक विकास मन्त्रालयका सचिव श्री हरिप्रसाद दाहाल ज्युले सहभागिहरु सबैलाई सक्रिय सहभागिता र सुझावका लागि धन्यवाद सहित कार्यक्रमको समापन गर्नु भएको थियो ।

Scanned by CamScanner